## फोहोरको लिच्चडले सिसडोलको पानी प्रदूषित : अध्ययन

# स्रोतबाट १ किलोमिटर परसम्मको पानीमा प्रदूषणको मात्रा उच्च



**द नेपालटप**
काठमाडौं

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन भइरहेको नुवाकोटस्थित सिसडोल ल्यान्डफिल साइट वरपरको पानी पनि प्रदूषित भएको पाइएको छ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट) डा. रवीन्द्र ढकाल, डा. टिस्टा प्रसाईं जोशी, डा. सौरभ भट्टराई, अनिता पन्थी र सुनिता श्रेष्ठसहितको विज्ञ टोलीले गरेको अध्ययनमा फोहोरको लिच्चडका कारण पानीसमेत प्रदूषित भएको पाइएको हो ।

टोलीले लिच्चड मिसिएर भएको प्रदूषणको अध्ययन लिच्चड मिसिनुभन्दा अगाडि, लिच्चड मिसिएको स्थान र लिच्चड मिसिने स्थानभन्दा ९२० मिटर पर गरेर ३ फरकफरक बिन्दुबाट पानीको नमुना सङ्कलन गरेर अध्ययन गरेको हो ।

सिसडोलबाट सङ्कलित ३ वटा नमुनाको तुलनात्मक अध्ययन गर्दा पानीमा प्रशस्त मात्रामा लिच्चड मिसिएको देखिएको काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले जानकारी दिएका छन् । 'स्रोतबाट १ किलोमिटर परसम्मको पानीमा पनि प्रदूषणको मात्रा उच्च देखिएको छ । यसबाट सो स्थानमा जलसम्बद्ध जीवजन्तुमा नकारात्मक असर परेको प्रारम्भिक अध्ययनले देखाएको छ', साहले भनेका छन् । विज्ञ टोलीले यो अवस्थालाई सकेसम्म चाँडो नियन्त्रण गर्न जरुरी रहेको बताएको छ ।

पानी तथा लिच्चडको पूर्ण रिपोर्ट आगामी केही दिनमा आउनेछ भने नास्टको टिमले निरुपणको विधि पनि सुझाउनेछ । नास्टलगायत अन्य विज्ञसँग समन्वय गरेर तत्कालै गर्न सकिने, मध्यमकालीन र दीर्घकालीन समाधानका बारेमा छलफल र अभ्यास गरिने उनले बताए ।

# बन्चरेडाँडामा अवरोध कायमै

## स्थानीयले तोडफोड गरेपछि फोहोर बोकेको गाडी काठमाडौं फिर्ता

**द नेपालटप**
काठमाडौं



नुवाकोटको ककनी गाउँपालिका– २ स्थित बन्चरेडाँडामा ल्यान्डफिल साइट प्रभावित क्षेत्रका स्थानीयले बुधबार पनि यसअघि सरकारसँग भएका सहमति पालना गरिनुपर्ने मागसहित फोहोर विसर्जनमा अवरोध गरेका छन् ।

स्थानीयले अवरोध गरेपछि काठमाडौंबाट फोहोर लिएर बन्चरेडाँडामा पुगेका टिपरहरू फर्किएका छन् ।

बुधबार पनि स्थानीयले लगातार अवरोध पुर्‍याएपछि फोहोर बोकेका टिपर फर्किएका हुन् । प्रहरी नै परिचालन गरी बन्चरेडाँडामा फोहोरको टिपर लगिए पनि स्थानीयले ढुङ्गामुढा गरेपछि टिपर थप तोडफोड हुन सक्ने भन्दै फोहोरसहित फर्काइएको हो ।

त्यहाँका स्थानीयहरूले बन्चरेडाँडामा कुनै हालतमा फोहोर फाल्न नदिने अडान राखेका छन् । मंगलबार पनि प्रहरीले आफूहरूमाथि बल प्रयोग गरेको भन्दै आक्रोशित स्थानीयले बुधबार फोहोर फाल्न नदिने अडान राखेका थिए । फोहोर बोकेर बन्चरेडाँडा गएका सवारी साधनलाई स्थानीयले बीचमै रोकेका थिए ।

फोहोर विसर्जनका लागि सरकारले ठूलो मात्रामा प्रहरी परिचालन गरी घरघरमा धरपकडसमेत गरेको स्थानीयबासीले बताएका छन् ।

बुधबार फोहोर बोकेको गाडीलाई प्रहरीको सहयोगमा फाल्न खोज्दा स्थानीयले गाडीमाथि तोडफोड गरेका थिए । प्रहरीका अनुसार १५ वटा गाडीमाथि तोडफोड गरिएको छ । आक्रामक भिडले गाडीमाथि तोडफोड गरेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले आश्रुग्यास प्रहार गरेको थियो ।

काठमाडौं महानगरपालिकाका अनुसार मंगलबार उपत्यकाबाट १५७ ट्रक (करिब १ हजार २०० मेट्रिक टन) फोहोर ल्यान्डफिल साइटमा लगिएको थियो । १०–११ जेठमा बन्चरेडाँडास्थित साइटमा फोहोर व्यवस्थापन गरिएको थियो । १२, १३ र १४ जेठसम्म सिसडोलमा अन्तिम विसर्जन गरिएको थियो । त्यसपछि स्थानीयको अवरोधका कारण फोहोर ढुवानी रोकिएको थियो । २ दिनअघि सरकार, महानगर र स्थानीयबच फोहोर फाल्ने विषयमा सहमति जुटे पनि स्थानीयले अवरोध गर्न छाडेका छैनन् । उनीहरूले मुआब्जा, रोजगारी, स्वास्थ्य बीमालगायतका माग राख्दै दिनहुँ प्रदर्शन गरिरहेका छन् ।

**'प्रधानमन्त्रीले नै पहल गर्नुपर्छ'**

बुधबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै नेपाली कांग्रेसका सांसद गगन थापाले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनमा प्रधानमन्त्री शेरबहादुर देउवाले नै पहलकदमी लिन माग गरेका छन् ।

उनले शहरी विकास मन्त्रालय र काठमाडौं महानगरपालिकाले मात्र फोहोर व्यवस्थापन गर्न नसक्ने भन्दै उनले प्रधानमन्त्रीलाई पहलकदमी लिन माग गरेका हुन् ।

सांसद थापाले कुहिने र नकुहिने फोहोर घरबाटै छुट्याउनुपर्ने भन्दै काठमाडौंवासीलाई आग्रह गरेका छन् । उनले काठमाडौं उपत्यकाका अन्य नगरपालिकाले पनि फोहोर व्यवस्थापनमा सहयोग गर्न पनि सुझाव दिए ।

## मृत्यु घटनाको अनुसन्धान

**काठमाडौं/टीएनटी–** काठमाडौं महानगरपालिका– २४, न्युरोडस्थित रञ्जना गल्लीमा युवक मृत फेला परेको घटनाको अनुसन्धानमा प्रहरी टोली जुटेको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, प्रहरी परिसर काठमाडौंसँगै केन्द्रीय अनुसन्धान ब्युरोको टोली घटनाको अनुसन्धानमा जुटेको हो । अर्धचेत अवस्थामा टेकु घर भएका ३४ वर्षीय सुरेन महर्जन फेला परेको भन्दै प्रहरीलाई स्थानीयले खबर गरेका थिए । प्रहरी टोली घटनास्थल पुगिसक्दा महर्जनको मृत्यु भइसकेको थियो ।

## प्रधानसेनापतिसँग जापानी राजदूतको भेट

**काठमाडौं/टीएनटी–** नेपालका लागि जापानका राजदूत किकुता युताकाले प्रधानसेनापति प्रभुराम शर्मासँग भेट गरेका छन् । भेटघाटमा २ पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको नेपाली सेनाले जनाएको छ ।

## दर्ज्यानी चिह्न प्रदान

**काठमाडौं/टीएनटी–** प्रधानसेनापति प्रभुराम शर्माले उपरथी दर्जामा पदोन्नति भएका सहायक रथी दीपककुमार बानियाँ, होमनाथ दवाडी र यामप्रसाद ढकाललाई उपरथी दर्जाको दर्ज्यानी चिह्न प्रदान गरेका छन् । उनीहरूलाई २३ जेठमा मन्त्रिपरिषद्को बैठकले उपरथी दर्जामा पदोन्नती गरेको थियो । सोही कार्यक्रममा सहायक रथी दर्जामा पदोन्नति भएका २ जना महासेनानीहरूलाई प्रधानसेनापति शर्माले सहायक रथी दर्जाको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

## जुवातास खेल्ने पक्राउ

**काठमाडौं/टीएनटी–** चन्द्रागिरि नगरपालिका– १ दहचोकस्थित टहरामा जुवातास खेलिरहेको अवस्थामा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही ठाउँ बस्ने २६ वर्षीय नारायण सुवेदीलगायत छन् । उनीहरूलाई नगद १ लाख ६७ हजार १० रुपैयाँ र ३ बुक ताससहित फेला पारी पक्राउ गरेको हो ।

# सरकारमा जाँदैनौँ, जसपासँग एकता हुँदैन : **लोसपा**



**द नेपालटप**
काठमाडौं

लोसपाका सांसद तथा नेता लक्ष्मणलाल कर्णले आफ्नो पार्टी सरकारमा नजाने स्पष्ट पारेका छन् । उनले सरकारमा पार्टीको सहभागितबारे प्रधानमन्त्रीसँग कुरा नभएको बताएका छन् ।

बुधबार प्रतिनिधिसभा बैठकमा सहभागी भएर बाहिरिने क्रममा सञ्चारकर्मीहरूसँग कुरा सांसद कर्णले लोसपा सरकारमा जाने सम्बन्धमा प्रधानमन्त्री शेरबहादुर देउवासँग कुरै नभएको स्पष्ट पारे ।

'प्रधानमन्त्री देउवाले पनि आफूहरूलाई मन्त्री हुन आउनू भनेर भन्नुभएको छैन । हामीले पनि प्रधानमन्त्रीसँग सरकारमा जाने कुरा गरेका छैनौँ', कर्णले भने ।

सांसद कर्णले जसपा अध्यक्ष उपेन्द्र यादवले बाटोबाटोबाट लोसपालाई एकीकरणका लागि आह्वान गरेकामा असन्तुष्टि व्यक्त गरे । अध्यक्ष यादवले विगतमा आफूहरूलाई पार्टीबाट निकालेको र पार्टी फोड्नका लागि निर्वाचन आयोगमा निवेदन दिएको भन्दै उनले अहिले उनी सङ्कटमा परेकाले सहयोग खोजेको टिप्पणी गरे ।

अध्यक्ष यादवको सङ्कट निवारण भएपछि लखेट्ने प्रवृत्ति रहेको कर्णको भनाइ छ । ' बाटोमा उहाँ बोलिराख्नुभएको छ । हामीसँग कुनै कुरा गर्नुभएको छैन । हामी उहाँको पार्टी फुट्दा एकीकरण गरेर जोगाएको होइन ? पार्टी फोड्नलाई आधिकारिकताको निवेदन दिएको होइन ? अनि, केको मेल ? आज फेरि उहाँको पार्टीमा सङ्कट उत्पन्न भएको छ । सङ्कट उत्पन्न भयो भने हाम्रो सहयोग खोज्ने र सङ्कट निवारण भएपछि लखेट्दिने ?', उनले भने ।

# रन्जु दर्शना काठमाडौं– ५ बाट उठ्ने

**द नेपालटप**
काठमाडौं

रन्जु दर्शना आउँदो प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर– ५ बाट उठ्ने भएकी छन् । विवेकशील साझा पार्टीकी पूर्वनेता दर्शनाले काठमाडौं– ५ बाट उठ्ने तयारी भएको र केही दिनमा औपचारिक घोषणा गर्ने बताइन् ।

उनले स्वतन्त्र रुपमा उम्मेदवारी दिनेछन् । २०७४ सालको निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर– ५ मा नेकपा एमालेका ईश्वर पोखरेल विजयी भएका थिए । दर्शना यसअघि विवेकशील पार्टीबाट काठमाडौं महानगरपालिकाको प्रमुखमा उम्मेदवारी दिएसँगै चर्चामा थिइन् ।

२१ वर्षकै उमेरमा उनले प्रमुखमा उम्मेदवारी दिएकी थिइन् । निर्वाचनमा उनी तेस्रो स्थानमा रहेकी थिइन् । यसअघि विवेकशील साझा पार्टीमै रहेका पुकार बमले काठमाडौं क्षेत्र नम्बर– १ बाट निर्वाचन लड्ने घोषणा गरिसकेका छन् । त्यस क्षेत्रबाट कांग्रेसका प्रकाशमान सिंहले विवेकशील साझा पार्टीका रवीन्द्र मिश्रलाई हराएका थिए ।

त्यसैगरी काठमाडौं महानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवारी दिएका सुमन सायमीले पनि काठमाडौं क्षेत्र नम्बर– ८ बाट उम्मेदवारी दिने तयारी गरेका छन् ।



### मानुषी पनि निर्वाचन लड्ने

जसपाका सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईकी छोरी मानुषी यमी भट्टराई पनि आउँदो आमनिर्वाचनमा काठमाडौंबाट उम्मेदवार बन्ने भएकी छन् ।

काठमाडौं क्षेत्र नम्बर– ५ वा ७ मध्ये एउटा क्षेत्रबाट प्रतिनिधिसभा निर्वचनमा उम्मेदवार बन्ने उनको तयारी छ । भट्टराईले आफूलाई निर्वाचन लड्न प्रस्ताव आएको र आफूले स्वीकारेको बताइन् ।

# सांसदको निशानामा गृहमन्त्री खाण



**द नेपालटप**
काठमाडौं

गृहमन्त्री बालकृष्ण खाणलाई प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरूले शान्ति, सुरक्षासम्बन्धी सवाललाई लिएर बारम्बार जबाफ मागिरहेका छन् ।

जबाफ माग्ने सांसदहरूका अनुसार गृहमन्त्री खाण शान्ति, सुरक्षा कायम गर्न असफल भए । बर्दिया, अछाम, रोल्पा, बाजुरालगायत जिल्लामा भएको घटनाबारे संसद् बैठकमा एमाले सांसदहरूले गृहमन्त्री खाणसँग ३ वटा जिल्लाहरूमा भएका घटनाबारे जबाफ मात्र मागेका छैनन्, उनको चर्को आलोचना पनि गर्दै आएका छन् ।

आलोचित गृहमन्त्री खाण भने प्रधानमन्त्री शेरबहादुर देउवाका विश्वास पात्र हुन् । २९ असार २०७८ मा प्रधानमन्त्रीमा नियुक्त भएकै दिन देउवाले सानो आकारको मन्त्रिपरिषद् गठन गर्दा नै देउवाको रोजाइमा खाण परेका थिए ।

पहिले रक्षामन्त्री भएका उनलाई देशको शान्ति, सुरक्षा कायम गर्ने सम्बन्धीको विभागीय मन्त्री देउवाले बनाए पनि सरकारका सर्वाधिक आलोचित मन्त्री भएका छन् ।

संसद् बैठकमा शान्ति, सुरक्षाको विषयलाई लिएर गृहमन्त्री खाणको आलोचना गर्नेमध्येका १ जना एमाले सांसद हुन्, यज्ञ बोगटी ।

सांसद बोगटीले अछामको पञ्चदेवल विनायक नगरपालिका– ४ का विनोद शाहीको मृत्यु घटनालाई लिएर खाणको आलोचना गर्दै सत्यतथ्य छानबिनको माग मंगलबार गरे । उनले प्रहरीले उजुरीसमेत लिन नमान्नुलाई सामान्य ठान्न नहुने पनि बताए ।

शाहीको प्रश्नको जबाफ दिँदै खाणले प्रहरीले उजुरी लिने बताउँदै पन्छिए । एमालेकै सांसद गङ्गा चौधरीले बर्दियामा गोली लाग्दा भएको युवतीको मृत्यु घटनाबारे संसद्मै प्रश्न गरिन्, 'थारू गाउँमा सरकारको लाठीभन्दा गोली बढी किन चल्छ ?'

बर्दियामा प्रहरीको गोली लागेर नविना थारूको मृत्यु भएपछि एमाले सांसद चौधरीले प्रतिनिधिसभाको बैठकमा सरकारको ध्यानाकर्षण गर्दै यस्तो प्रश्न गरेकी हुन् ।

खाणले जाति विशेषलाई लक्षित गरी प्रहरीले गोली नहानेको र गोली हान्न प्रहरीलाई आदेश पनि नदिइएको जबाफ दिए । घटनाको छानबिनका लागि उनले मन्त्रालयकै सहसचिव हरि घिमिरेको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेका छन् ।

संसद् बैठक बसेपछि लगातार जस्तो गृहमन्त्री खाणविरुद्ध एमाले मात्र नभई अन्य पार्टीका सांसदहरूले शान्ति, सुरक्षाको विषयलाई लिएर निरन्तर आलोचना गर्दै आएका छन् ।

फेरि, उनी प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) र प्रहरी महानिरीक्षक (आईजी) बढुवामा पनि विवादमुक्त हुन सकेनन् । गृह मन्त्रालयसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतलाई विपक्षी बनाउँदै उमेर हदका कारण हाल सेवा निवृत्त अवस्थामा रहेका प्रहरी नायव महानिरीक्षकहरू घनश्याम अर्याल, ईश्वरबाबु कार्की, प्रकाशजंग कार्की र प्रहरी अतिरिक्त महानिरीक्षक विश्वराज पोखरेलले सर्वोच्चमा रिट दायर गरेका छन् । रिटको टुङ्गो लाग्न भने बाँकी छ ।

गृहमन्त्री खाण कांग्रेसका दोस्रो पुस्ताका प्रभावशाली नेता मानिन्छन् । प्रधानमन्त्री देउवाका विश्वास पात्र भए पनि उनको 'पर्फर्मेन्स' भन्ने प्रशंसायोग्य नभएको उनका विवादास्पद कदमले देखाएको छ ।


**कालीगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा**

**कोल्ड रूम/पोर्टेबल कोल्ड च्याम्बर ढुवानी तथा निर्माण सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०२/२६)**

यस कालिगण्डकी गाउँपालिकामा कोल्डरुम / पोर्टेबल कोल्ड च्याम्बर ढुवानी तथा निर्माणको लागि इच्छुक कानुनी मान्यता प्राप्त सप्लायर्स/ उत्पादक कम्पनिबाट रितपुर्बक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| सि.नं. | दरभाउ पत्र नं. | विवरण | बेंक जमानत | लागत अनुमान (भ्याट सहित) | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | KLGD/G/SQ/ 03/078/079 | कोल्डरुम / पोर्टेबल कोल्ड च्याम्बर ढुवानी तथा निर्माण | ६६,०००।०० (७५ दिन म्याद अवधि) Prime commercial bank ltd. 067000202 CA | १३,४०,०५२।५० | रु.१०००।– Prime Commercial Bank ltd 067000187CA |

दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय: २०७९ असार १० दिउसो १२:०० बजे

दरभाउ पत्र खोलिने मिति र समय : २०७९ असार १० दिउसो १:०० बजे

**नोट:** बोलपत्र साथ पेश गर्नु पर्ने सम्पूर्ण कागजात बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कालीगण्डकी गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जामा निहित रहने छ ।